आज मिति २०८१ माघ १० गते विहिबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६५ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थिति:

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

अन्य उपस्थिति:

विमला वाग्ले – प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

शिव पौडेल - लेखा अधिकृत

कैलेशव वली - लेखापाल

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/१०/१० गतेको नगरकार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १**

नगरपालिकाको वडा नं १ देखि ८ सम्मका मूल सडकहरुमा सडकबत्ती नपुग भएका स्थानमा पुऱ्याउन करिव ७ कि.मि. तार र ३०० वटा वत्ति आवश्यक हुने भएकोले हिउँदे नगरसभाबाट रकम विनियोजन भएअनुरुप रु ७ लाख ५० हजार रकम खर्च गरी कार्य सम्पन्न गर्न कार्यपालिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २**

मेयर उद्यमशिलता कार्यक्रम कार्यान्यवन कार्यविधि,२०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

राइनास नगरपालिका वडा नं.६ स्याउलीमा तयार भएको प्रङ्गारिक मल उत्पादन स्थलमा मल उत्पादन गर्न इच्छुक फर्म,कम्पनीहरुलाई सात दिन (७) को समय दिई सार्वजनिक सूचना आवहान गर्ने/साथै सोहि स्थानमा तयार भएको बधशाला सञ्चालन गर्न इच्छुक फर्म,कम्पनी, व्यावसायीहरुलाई १५ दिनको समय दिई प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिकालाई विपक्षी बनाई जिल्ला अदालतमा दायर भएको मुद्दा नं. (०८१-CP-२५८) को जवाफ सहितको प्रतिरक्षा गर्न नगरपालिकाको कानूनी सहजकर्ता श्री सरिता पनेरुलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ५**

नगरपालिकाको कार्यालयको मुख्य भवनको गेटसंगै पालेघर निर्माण गर्न प्राविधिकलाई लगत अनुमान गरी निर्माण गर्ने,पालिका भवन कम्पाउण्ड, घेराबार, पार्किङ सेड, मन्दिर निर्माण गर्ने र सो को खर्च सि.न. १०७ को बाँकी रकमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

वडा नं.४ मा रहेको **Land Field** पार्कमा फोहोर व्यवस्थापन गर्न सो पार्कसंगै रहेका जग्गाधनीहरुसंग जग्गा भाडा सम्झौता गर्न आवश्यक भएकोले सो को निर्णयका लागि वडा अध्यक्ष श्री बलराम पराजुली संयोजक र वडाध्यक्ष श्री देउ बहादुर पौडेल र वडाध्यक्ष श्री शंख बहादुर सार्की सदस्य रहेको समिति गठन गर्ने र समितिले सरोकारवालासँग छलफल गरी सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

MEDPA कार्यक्रम अन्तर्गत वडा नं.५ को कुमाल गाँउमा संचालन भएको माटोको भाडा बनाउने तालिम लिएका समूहलाई यस आ.व.को स्वीकृत बजेट सि.न.४२५ को रु

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१,४०,०००।०० बाट ८० प्रतिशत पालिका र २० प्रतिशत समूहको सदस्यको लगानी रहने गरी माटो मुछ्ने मेसीन खरिदमा खर्च गर्ने ।समूह (तिनपिप्ले सेरामिक उत्पादन समूह) ले नै खरिद गरी ल्याएपश्चात आवश्यक बिल भरपाईका आधारमा समूहलाई नै भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ८

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कार्यविधि अनुरुप पालिकाको रोजगार सम्वाद मन्चमा नियमानुसारको सहभागिता रहने गरी मन्च गठन गर्ने निर्णय गरियो।

- नगर प्रमुख (खड्ग बहादुर गुरुङ) – संयोजक
- नगर उपप्रमुख (पुष्पराज खनाल) – सदस्य
- प्रमुख प्रशासकीय अधिकृत (धनेश्वर पौडेल) – सदस्य
- वडाध्यक्षहरु मध्येबाट दुई जना – सदस्य
  १.बलराम पराजुली
  २.मोहनलाल श्रेष्ठ
- रोजगारदाताहरु - सदस्य
  १.विजय गुरुङ "सहकारी क्षेत्र"
  २.प्रकाश शाही "निर्माण व्यवसायी"
  ३.आनन्द श्रेष्ठ "उद्योग वाणिज्य संघ, राइनास नगरपालिका"
- रोजगार संयोजक (कुमार गुरुङ)- सदस्य सचिव

निर्णय नं. ९

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तालिम शीर्षकमा विनियोजित रकमबाट सूचिकृत बेरोजगारहरुलाई इलेक्ट्रिसियन तालिम संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

वडा नं.१ बाट सञ्चालन भएको सार्वजनिक जग्गा छुट्याउने र सिमांकन कार्यक्रमका नाँपजाँच भई जग्गा एकिन गरिएको र सो को सिमांकन (किला गाड्ने) कार्यको औपचारिक शुरुवात मिति २०८१/१०/२५ गते ११:०० बजे वडा नं.१ मा गर्ने र उक्त दिनमा कार्यपालिकाका सम्पूर्ण सदस्यहरुलाई उपस्थितीको लागि जानकारी दिने निर्णय गरियो ।

निर्णय नं. ११

यस आ.ब.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि सडक निर्माण ( पालिका ८० र उपभोक्ता २० प्रतिशत) वडा नं. ८ बाट प्रस्तावित निम्न योजनाहरुलाई सम्झौता कार्यान्वयन गरी नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१.बिमिरेबाट ठूलोचौर हुँदै धितालगाउँ र ठूलोचौरबाट किपट हुँदै अदम र वडा नं.८ रु २,००,०००।००

२.बुढिचौर कालामाटा प्रहरीचौकी वडा नं.५ रु १,००,०००।००

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. १२</u>

नगरपालिकामा बिभिन्न वडाहरुबाट आर्थिक सहायता, राहतका लागि आएका सिफारिस पत्र र सम्बन्धित व्यक्तिको निवेदन अनुसार सहायता, राहत दिन प्रमाण खुल्ने सक्कल कागजातहरु (बिल, भरपाईहरु,फोटो आदि) हरुका आधारमा सिफारिस गर्ने र नगर प्रमुखबाट आर्थिक सहायता शीर्षकबाट बढीमा रु १५,०००।०० सम्म स्वीकृत गरी आर्थिक सहायता दिने निर्णय गरियो।

<u>निर्णय नं. १३</u>

सुन्दरबजार नगरपालिकामा संचालन भईरहेको नगर महोत्सबका लागि आर्थिक सहयोग अनुरोध भई आएको हुँदा रु.२५,०००।०० (अक्षरुपी पच्चिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

<u>निर्णय नं. १४</u>

नगरपालिकाभित्रका सबै टोल बिकास बिकास संस्थाका अध्यक्ष र सचिवहरुलाई समय मिलाई सडक बत्ति तथा फोहोरमैला व्यवस्थापन विषयमा नगरपालिकामा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १५</u>

वडा नं. ६ मा संचालन हुने "**युवा उद्यमशिलता तालिम कार्यक्रम**" लाई खाजा वापतमा लागेको खर्च रकम सहयोग गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १६</u>

नगरपालिकाभित्र रहेका सामुदायिक बन र सहकारी संस्थाका अध्यक्ष र सचिवहरुलाई आफ्नो जिम्मेवारीप्रति थप सशक्त गराउनको लागि नगरपालिकामा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १७</u>

भूमि व्यवस्थापन तथा कृषि मन्त्रालय, गण्डकी प्रदेश सरकारको आ.ब. ०८०/८१ को कार्यक्रम अनुसार यस नगरपालिकाको वडा नं. ६ गँगटेफाँटमा कृषि जमिनको चक्लाबन्दी कार्यक्रमको सर्वे, नक्सा, इष्टिमेट भइसकेको तथा भू-उपयोग नीति बमोजिम जग्गाधनिहरुले प्लट रोज्ने कार्य समेत सम्पन्न भइसकेको हुँदा हालको प्लट नक्सा बमोजिम कित्ताकाट गर्नका लागि वडा नं.६ कार्यालयबाट अनुरोध भई आएकोले नापी कार्यालय, लमजुङलाई सो बमोजिम प्राविधिक कर्मचारी खटाई पठाइदिन अनुरोध गर्ने।साथै उक्त क्षेत्रको नयाँ कित्ताकाट एवम् जग्गाधनी प्रमाणपुर्जामा मिलान गर्न लाग्ने राजस्व रकम छुटका लागि मालपोत कार्यालय, लमजुङलाई सिफारिस गर्ने निर्णय गरियो ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ माघ २५ गते शुक्रबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६६ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थितिः**

नगर प्रमुख खड्ग बहादुर गुरुङ -अध्यक्ष

उप प्रमुख पुष्पराज खनाल -सदस्य

वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल -सदस्य

वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही -सदस्य

वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल -सदस्य

वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली -सदस्य

वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की -सदस्य

वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल -सदस्य

वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ -सदस्य

वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट -सदस्य

वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ -सदस्य

वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ सदस्य

नगर कार्यपालिका सदस्य नानुमाया लामा -सदस्य

नगर कार्यपालिका सदस्य सोचना लौडारी -सदस्य

नगर कार्यपालिका सदस्य कल्पना सुनार -सदस्य

नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ -सदस्य

नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी -सदस्य

नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. -सदस्य

नगर कार्यपालिका सदस्य विन्दु वि.क. -सदस्य

नगर कार्यपालिका सदस्य विमला कुमाल -सदस्य

प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल -सदस्य सचिव

**अन्य उपस्थितिः**

विमला वाग्ले - प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

नितेश रिसाल - इन्जिनियर

श्याम बहादुर पराजुली - लेखा अधिकृत

मिति २०८१/१०/२५ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

नगरपालिकाको आ.व.०८१/८२ को नीति तथा कार्यक्रम वार्षिक र वार्षिक बजेट अनुरुपको सार्वजनिक जग्गा नापजाँच तथा सिमांकन (सि.नं.६७) अन्तरगत वडा नं.१ बोराङखोला क्षेत्रमा गरिएको नापजाँच बाट सार्वजनिक जग्गा कायम देखिएका क्षेत्रमा सीमांकनका लागि सिमेन्ट पोलहरु गाड्ने कार्य शुरुवात गरियो । कार्यक्रमलाई स्वीकृत बजेट रकमले पुगेसम्म निरन्तर अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २

राइनास नगरपालिकाभित्र गठन भई सक्रिय रहेका टोल विकास संस्थाका अध्यक्ष सचिव र कोषाध्यक्ष हरु सम्मिलित भेला तथा छलफल २०८१/११/०१ गते विहीबार ११:०० बजे नगरपालिकाको हलमा संचालन गर्ने । साथै नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव र कोषाध्यक्षहरु सम्मिलित भेला तथा छलफल मिति २०८१/१०/३० गते वुधवार दिनको ११:०० बजे नगरपालिकाको हलमा राखे र उक्त भेलामा डिभिजन वन कार्यालय लमजुङका प्रमुख वा प्रतिनिधिलाइ आमन्त्रण गर्ने ।

निर्णय नं. ३

निम्न आयोजनाहरुको नाम फरक पर्न गएकोले नाम सच्याई कार्यान्वयन गर्ने तथा नगर प्रमुख श्री खडग बहादुर गुरुङ र ईन्द्रेणी सांस्कृतिक विकास केन्द्रबीच मिति २०८१/११/१४ गते महाशिवरात्रीका दिन राइनासकोटमा हुने कार्यक्रमका लागि मिति २०८१।१०।१६ गते गरिएको सम्झौता अनुरुपको रकम रु.५०००००।- सि.नं.५२ को खेलकुद कार्यक्रम (मेयर कप राइनास कप भलिबल फुटवल र अन्य खेलकुद कार्यक्रम) शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने।

आयोजनाको नाम :

| सि.नं. | कार्यक्रमको साविक नाम | परिवर्तित नयां कार्यान्वयन गर्ने नाम |
|---|---|---|
| १०१ | भंगेरी आमा समूह भवन अधुरो निर्माण वडा नं.१ | खड्कदेवी आमा समूह भवन अधुरो निर्माण वडा नं.१ |
| ५२ | खेलकुद कार्यक्रम (मेयर कप राइनास कप भलिबल फुटवल र अन्य खेलकुद कार्यक्रम) | ईन्द्रेणी सांस्कृतिक विकास केन्द्रद्धारा महाशिवरात्रीका दिन राइनासकोटमा कार्यक्रम |
| ३०३ | रिङरोड वसन्तेपानी गैरी कुवा (वडा नं.६) | रिङरोड-लुपुगाउँ मोहोरिया सडक मर्मत (वडा नं.६) |

निर्णय नं. ४

राष्ट्रिय योजना आयोगबाट आर्थिक वर्ष ०८२/८३ का लागि समपुरक तथा विशेष योजना प्रस्ताव माग भएको विषयमा सवै वडा कार्यालयहरुले सूचना बमोजिमका प्रस्ताव तयार गरी २०८१/११/०६ गतेभित्र नगरपालिकामा पठाउने र त्यसपछि नगरपालिकाले छलफल गरी स्वीकृत योजना प्रस्तावहरु पेश गर्ने।

निर्णय नं. ५

फोहोरमैला व्यवस्थापनका सम्बन्धमा जग्गा व्यवस्थापनका लागि यस अघिको कार्यपालिका बैठकबाट गठित समितिले यथाशिघ्र प्रतिवेदन पेश गर्ने र वडाहरुबाट प्राप्त सेवाग्राही सूची अनुसार कार्ड छपाई गरी पठाउने ।

निर्णय नं.६

आ.व.०८१।८२ को स्वीकृत बजेट अन्तरगत सि.नं.६८ को राइनासटार नहर उपभोक्ता अभिलेख तथा प्रणाली व्यवस्थापनको कम्प्यटर प्रणाली (System) परामर्शदाता बाट तयार भई प्राप्त भएको र अव प्रणालीमा तथ्यांक

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रविष्ट गर्न आवश्यक विवरण( कागजात सहित) वडा कार्यालय मार्फत संकलन गर्न सम्बन्धित वडाहरुमा पत्राचार गर्ने ।नहर उपभोक्ता समितिलाई प्रत्येक ब्लकबाट विवरण सम्बन्धित वडाहरुमा उपलब्ध गराउन पत्राचार गर्ने।

निर्णय नं.७ (विविध)

क. पाँचभाई बतासे पन्चेबाजा समूहका लागि पोशाक खर्च कर सहित रु.७२,०००।- सि.नं.१ आर्थिक सहायता शिर्षकबाट विल प्राप्त गरी अनुदान भुक्तानी दिने ।

ख. यस नगरपालिका वडा नं.६ को धमिलिकुवा चोक देखि पूर्वतर्फ शैलपुत्री नमूना माध्यमिक विद्यालय सँग जोडिएको जग्गामा बनेका घरटहरा हटाउने नगरकार्यपालिकाको निर्णय कार्यन्वयन रोकि पाउँ भनी नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत पोखरामा दायर रिट ०८१-WO-००९८, २०८१ माघ ३ गते खारेज भएको हुंदा उक्त क्षेत्रका घर टहरा मिति २०८१ फाल्गुण १० गतेभित्र हटाउन अन्तिम पटक सूचना पठाउने/उक्त सूचना वमोजिम सम्बन्धित व्यक्तिहरुले नहटाएमा नगरपालिकाले मिति २०८१/११/११ गते हटाउने र उक्त सूचना एवं पत्राचार तथा आवश्यक सुरक्षा सहयोगका लागि जिल्ला प्रशासन कार्यालय लमजुङलाई अनुरोध गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ग. प्रधानमन्त्रि रोजगार कार्यक्रम तर्फ बजेट सि.नं.३७५ रोजगारी सृजना नेपाल सरकार मा विनियोजन भएको बजेट रु.२०,७४,०००।- र नेपाल जलवायु नमूना कार्यक्रमा विनियोजन गरिएको रकम रु.३०,००,०००।- बाट साझेदारीमा राइनास पार्क तथा सिंढी निर्माण गर्ने र उक्त कार्यको लागि रोजगारी सृजना शिर्षकको रकम कामदारको ज्यालामा खर्च गर्ने ।

घ. यस राइनास नगरपालिका वडा नं.९ को मोहोरियाकोटमा नागरिक आरोग्य केन्द्र संचालनको लागि रु.४ लाख बजेट विनियोजन भएकोमा रु.२ लाख बाट औषधी र अन्य व्यवस्थापकीय कार्य गर्ने र बांकी रहने रकमवाट आरोग्य केन्द्रमा काम गर्ने वैद्य १ जनाको अस्थायी दरवन्दी स्वीकृत गर्ने तथा यस अघि नगरपालिकामा करारमा कार्यरत वैद्य वलराम घिमिरेसंग सम्झौता गरी कार्य गराउने ।

धनेश्वर पा...
प्रमुख प्रशासकीय अ...